# सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
प्रदेश नं. ५ , नेपाल

च.नं. ५०२
प.सं. ०७५/०७६

मिति: २०७५/०९/११

बिषय : सूचना टाँस सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
सरावल गाउँ पालिका

उपरोक्त विषयमा जिल्ला प्रशासन कार्यालयको च.नं. २६५४ पत्रानुसार CCTV/ Camera जडान तथा संचालन सम्बन्धि सूचना थान १ यसै पत्रसाथ संलग्न गरी पठाईएको छ। उक्त सूचना तहाँको कार्यालयको सूचना पाटीमा टाँस गरी सो को जानकारी यस कार्यालयमा दिनुहुन अनुरोध छ।

झविस्वर रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट– सुस्ता, पश्चिम)

## सूचना सूचना सूचना

नेपाल सरकार गृह मन्त्रालयको च.नं. ९२९ मिति २०७५।०७।१४ गतेको परिपत्र अनुसार अपराध अनुसन्धान तथा नियन्त्रण गर्ने कार्यमा विद्युतीय उपकरणको प्रभावकारिता बढाई CCTV/Camera जडान र प्रयोगलाई प्रोत्साहन तथा व्यवस्थापन गर्न यस जिल्लाभित्र सार्वजनिक क्षेत्र, व्यापारिक केन्द्र र निजी प्रयोजनको लागि CCTV/Camera जडान गरी संचालनमा ल्याएका सार्वजनिक क्षेत्र, व्यापारिक केन्द्र र निजी प्रयोगकर्ताहरुले यो सूचना प्रकाशित भएको मितिले १ महिना भित्र विवरण उपलब्ध गराईदिनुहुन र आगामी दिनमा संचालनमा ल्याउन ईच्छुक सार्वजनिक संस्था/निकाय,व्यापारिक केन्द्रहरु तथा निजी प्रयोगकर्ताहरुले CCTV/Camera जडान तथा संचालन सम्बन्धी कार्यविधि, २०७२ को अनुसूची-१ बमोजिमका कागजातहरु र ईजाजतको लागि सोही कार्यविधिको अनुसूची-२ बमोजिम निवेदन दिई यस कार्यालयबाट अनिवार्य रुपमा अनुमती लिए पश्चात CCTV/Camera जडान तथा संचालन गर्न हुने हुँदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।साथै **"CCTV/Camera जडान तथा संचालन सम्बन्धी कार्यविधि, २०७२"** यस कार्यालयको website बाट हेर्न र download गर्न सकिन्छ ।

### अनुसूची-१

CCTV/Camera जडान तथा संचालन सम्बन्धी अनुमतिका लागि निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:

क)प्रयोजन खुलेको निवेदन पत्र

ख)व्यक्तिको नागरिकताको प्रतिलिपी/परिचय खुल्ने अन्य कागजातहरु

ग)घरको नक्साको प्रतिलिपी

घ)जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी

ङ)गा.पा./न.पा.को सिफारिस पत्र

च)CCTV/Camera को निग्रानीका लागि सम्बन्धित पक्षबाट खटिने व्यक्तिको विवरण ।

..........................

(महेश सुवेदी)

प्रशासकीय अधिकृत